# नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण

## उच्चस्तरीय समन्वय समिति

**बैठक संख्या : २०**

**मिति : २०७७।०१।०५ गते शुक्रबार**

**समय : अपरान्ह २:०० बजे**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/११/१८ को निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को बैठक देहायका माननीय मन्त्रीज्यू तथा उच्च पदाधिकारीहरुको उपस्थितिमा बसी देहायबमोजिम निर्णयहरु गरियो।

**उपस्थिति:**

१. **माननीय** उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेल — संयोजक
२. **माननीय** गृहमन्त्री श्री रामबहादुर थापा — सदस्य
३. **माननीय** परराष्ट्रमन्त्री श्री प्रदीपकुमार ज्ञवाली — सदस्य
४. **माननीय** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री श्री गिरिराजमणि पोखरेल — सदस्य
५. **माननीय** कृषि तथा पशुपन्छी विकासमन्त्री श्री घनश्याम भुषाल — सदस्य
६. **माननीय** स्वास्थ्य तथा जनसंख्यामन्त्री श्री भानुभक्त ढकाल — सदस्य
७. **माननीय** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री श्री लेखराज भट्ट — सदस्य
८. **माननीय** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्री योगेशकुमार भट्टराई — सदस्य
९. **माननीय** अर्थ र संचार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडा — सदस्य
१०. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, प्रा.डा.पुष्पराज कँडेल — सदस्य
११. मुख्य सचिव श्री लोकदर्शन रेग्मी, नेपाल सरकार — सदस्य
१२. सचिव श्री नारायणप्रसाद विडारी, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय — सदस्य सचिव

**विशेष आमन्त्रित:**

माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, श्री हृदयेश त्रिपाठी

माननीय उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, श्री बर्षमान पुन

माननीय वन तथा वातावरणमन्त्री, श्री शक्तिबहादुर वस्नेत

माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री, श्री रामेश्वर राय यादव

माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री, श्री पद्माकुमारी अर्याल

माननीय खानेपानीमन्त्री, श्री बीना मगर

माननीय भौतिक पूर्वाधार तथा यातायातमन्त्री, श्री वसन्तकुमार नेम्बाङ

आमन्त्रित:

१. सचिव श्री महेश्वर न्यौपाने - गृह मन्त्रालय

आज मिति २०७७ वैशाख ५ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा बसेको "नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति" को २० औं वैठकमा देहाय बमोजिम निर्णय गरियो;

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१२।२४ को निर्णयानुसार कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा प्रदेशस्तरमा समन्वय गर्ने जिम्मेवारी प्राप्त माननीय मन्त्रीज्यूहरु ( माननीय ऊर्जा, जलस्रोत तथा सिचाईमन्त्री- प्रदेश नं ५, माननीय बन तथा बातावरणमन्त्री- कर्णाली प्रदेश, माननीय भूमि व्यबस्था, सहकारी तथा गरिबी निबारणमन्त्री- गण्डकी प्रदेश, माननीय खानेपानीमन्त्री- सुदुरपश्चिम प्रदेश र माननीय भौतिक पूर्बाधार तथा यातायातमन्त्री- प्रदेश नं.१) बाट उक्त प्रदेशहरुमा COVID-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारको सम्बन्धमा हालसम्म सम्पादित, संचालित कार्यहरुको समीक्षात्मक प्रस्तुति भयो ।

२. कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा प्रदेश स्तरमा समन्वयको जिम्मेवारी प्राप्त गर्नु भएका माननीय मन्त्रीज्यूहरुलाई सम्बन्धित प्रदेश सरकारसंग थप समन्वय गरी सो कार्यलाई अझ सशक्त एवं प्रभाबकारी रुपमा अघि बढाउन निर्देशन भयो।

सचिव

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री